आज मिति २०८० साल माघ २२ गते आइतवारको दिन यस लिखु गाउँपालिकाका अध्यक्ष श्रीमान अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु गरियो ।

<u>उपस्थिती</u>

| क्र.सं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडा अध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडा अध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडा अध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडा अध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडा अध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडा अध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडा अध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ्ग | |
| १० | वडा अध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडा अध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | श्री लिलाराज श्रेष्ठ | |

सहायक कर्मचारीहरुः

१. श्री रवि कटुवाल

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा
२. करार कर्मचारी सम्बन्धमा
३. हिउदे गाउँसभा सम्बन्धमा
४. कार्यविधिहरु सम्बन्धमा
५. सडकबोर्ड नेपालसँगको साझेदारी आयोजना सम्बन्धमा
६. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन LISA सम्बन्धमा
७. ५ शैंया आधारभूत अस्पताल सम्बन्धमा
८. कर्मचारीहरुको तह मिलान सम्बन्धमा
९. प्रधानमन्त्री रोजगार आयोजना सम्बन्धमा
१०. भूमि आयोगको सूचना प्रकाशन गर्ने सम्बन्धमा
११. कार्यालयको सूचना अधिकारी सम्बन्धमा
१२. पाँचौ राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, २०८० को प्रतिवेदन सम्बन्धमा
१३. योजनाको शीर्कान्तर सम्बन्धमा
१४. जग्गा खरिद सम्बन्धमा
१५. राष्ट्रिय योजनामा सूचिकरण सम्बन्धमा
१६. विविध समसामयिक विषयहरु सम्बन्धमा ।

**निर्णयहरु :**

१. **निर्णय नं १. प्रस्ताव नं १, उपर निर्णय :**

लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको वैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई अझ थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. **निर्णय नं २. प्रस्ताव नं २, उपर निर्णय** :

(क) प्रस्ताव नं २ माथि छलफल गर्दा लिखु गाउँ कार्यपालिका वा अन्तर्गतको वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा स्थायी पदपूर्ति हुन बाँकी रहेको पदहरुमा कार्यारत करार कर्मचारीहरुको करार अवधि २०८१ असार मसान्त सम्मको लागि थप गर्ने सर्वसम्मत निर्णय गरियो । तर स्थायी पदपूर्ति हुने पदमा जुन मितिमा स्थायी पदपूर्ति हुन्छ सोही मितिबाट सो पदको करार अवधि समाप्त हुनेछ ।

(ख) स्थायी कर्मचारीहरु पदपूर्ति भएर विविध कारणले पुनः पद रिक्त भएको पदहरु करार विज्ञापन मार्फत पदपूर्ति गर्ने निर्णय गरियो ।

३. **निर्णय नं ३. प्रस्ताव नं ३, उपर निर्णय** :

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा गाउँपालिकाको १५औं हिंउदे गाउँसभा मिति २०८० फागुन ४ गते गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

४. **निर्णय नं ४. प्रस्ताव नं ४, उपर निर्णय** :

प्रस्ताव नं ४ माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको तपसिलका कार्यविधिहरु केही संशोधन सहित पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

१. खेलकुद विकास कार्यविधि, २०८०
२. गर्भवतीसँग उपाध्यक्ष भेटघाट कार्यक्रम कार्यसञ्चालन कार्यविधि, २०८०
३. मृत्यु संस्कारमा गाउँपालिकाको तर्फबाट समवेदना पत्र सहित भेटघाट कार्यक्रम कार्यसञ्चालन कार्यविधि, २०८०

५. **निर्णय नं ५. प्रस्ताव नं ५, उपर निर्णय** :

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा आ.ब. २०८०/८१ मा सडकबोर्ड नेपाल सँगको साझेदारीमा बाङ्गे पिपल - बसपार्क - जोगिडाँडा सडक स्तरोन्नती आयोजना सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो । नियमानुसारको साझेदारी रकम गाउँपालिकाबाट व्यहोरिने प्रतिवद्धता समेत गर्ने निर्णय गरियो ।

६. **निर्णय नं ६. प्रस्ताव नं ६, उपर निर्णय** :

प्रस्ताव नं ६ माथि आवश्यक छलफल गर्दा आ.ब. २०७९/८० को स्थानीय तह संस्थागत स्वामूल्याँकन (LISA) को प्रतिवेदनलाई स्वीकृत गरि प्रकाशन गर्ने तथा आगामि गाउँसभामा अनुमोदनको लागि पेश गर्ने सर्बसम्मत निर्णय गरियो । प्रतिवेदन यसै साथ संलग्न छ ।

**७. निर्णय नं ७. प्रस्ताव नं ७ उपर निर्णयः**

प्रस्ताव नं ७ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकालाई प्राप्त संघ सरकारको वित्तिय हस्तान्तरणबाट निर्माण भईरहेको ५ शैयाको आधारभूत अस्पताल निर्माणको अन्तिम चरणमा रहेको तर सञ्चालन सुरु हुन आधारभूत तथा प्राविधिक पूर्वाधारहरु व्यवस्थापन गर्न अझै केही समय लाग्ने भएको हुँदा निश्चित उपयोगिता समय (Fixed Expiry Date ) तोकीएका तपसिल बमोजिमका एक्सेसोरिजहरु हटाएर निर्माण कम्पनिलाई अन्तिम वील भूक्तानी गर्ने सर्बसम्मत निर्णय गरियो ।

तपसिलः

१. Transformer TOD meter
२. A.C.
३. Solar light
४. Sound system
५. CC Camera
६. Euro Guard
७. Fire Fighting

**८. निर्णय नं ८. प्रस्ताव नं ८ उपर निर्णयः**

प्रस्ताव नं ८ माथि आवश्यक छलफल गर्दा कोशी प्रदेश सरकारबाट स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० कार्यान्वयनमा आएको हुँदा

कोशी प्रदेश लोकसेवाबाट स्थानीय तहको छैटौं तहमा सिफारिश भई आएका ऐन बमोजिम योग्यता पुगेका कर्मचारीहरुको ऐन बमोजिम तह मिलान गर्ने सर्वसम्मत निर्णय गरियो ।साथै ऐन बमोजिम हुने आन्तरिक बढुवा तथा तह मिलानको लागि ऐनको दफा २७ (४) मा व्यवस्था भए बमोजिमको सिफारिश समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

१. लिलाराज श्रेष्ठ (प्रमुख प्रशासकीय अधिकृत) - अध्यक्ष
२. दिनानाथ चौधरी (जनस्वास्थ्य अधिकृत) - सदस्य
३. बबली मेहेता (प्रशासकीय अधिकृत) - सदस्य

**९. निर्णय नं ९. प्रस्ताव नं ९ उपर निर्णयः**

प्रस्ताव नं ९ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको चौधौं गाउँ सभा बाट आर्थिक वर्ष २०८०/८१ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत छनौट भएका आयोजनाहरू मध्ये युवा रुपान्तरणका लागि पहल आयोजनाको लागि कुल ३८ जना र कामका लागि पारिश्रमिक आयोजनामा कुल २९ जना गरि जम्मा ६७ जना व्यक्तिलाई प्रति व्यक्ति १०० दिन रोजगार प्रदान गर्ने गरि तपसिलका वडाहरुमा देहाय बमोजिमका लाभग्राही संख्या रहेका आयोजनाहरुको छनौट गरि प्राविधिक स्टिमेट बमोजिम आयोजनाहरुको बजेट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| सि.ंन | वडा नं. | छनौट भएको आयोजनाको नाम | आयोजनाको प्रकृति | लाभग्राहि संख्या | संघिय बजेट | पालिकाको साझेदारी | आयोजनाको कुल स्वीकृत बजेट |
|---|---|---|---|---|---|---|---|
| १ | १ | विरौटा राञ्चा च्युरिडाँडा गैरी गोरेटो बाटो निर्माण आयोजना , लिखु १ | कामका लागि पारिश्रमिक | ७ | ४७६०००/- | ४२०००/- | ५१८०००/- |
| २ | २ | कृषि सडक सोलिंग तथा अम्बोटे फैंदी घोरेटो बाटो निर्माण आयोज नालिखु २ , | युवा रुपान्तरणका लागि पहल | ९ | ६१२०००/- | ५००००/- | ६६२०००/- |
| ३ | ३ | नर्मदेश्वर कृषि सडक मर्मत आयोजनालिखु ३ , | कामका लागि पारिश्रमिक | ७ | ४७६०००/- | ४२०००/- | ५१८०००/- |
| ४ | ४ | प्रहरी चौकी भालुडाँडा सडक स्तरोन्नती आयोजनालिखु ४ , | कामका लागि पारिश्रमिक | ७ | ४७६०००/- | ४२०००/- | ५१८०००/- |
| ५ | ५ | भालुडाँडा वडा कार्यलय सडक स्तरोन्नती आयोजनालिखु ५ , | युवा रुपान्तरणका लागि पहल | ५ | ३४००००/- | ३६०००/- | ३७६०००/- |
| ६ | ६ | ढाँड पाखावारी सडक स्तरोन्नती आयोजनालिखु ६ , | युवा रुपान्तरणका लागि पहल | ७ | ४७६०००/- | ४२०००/- | ५१८०००/- |
| ७ | ७ | स्थानिय सडक मर्मत संभार आयोजना लिखु ७ , | युवा रुपान्तरणका लागि पहल | ८ | ५४४०००/- | ४८०००/- | ५९२०००/- |
| ८ | ८ | सिरिसे ,साठिबेसी चिनेटार , वडा कार्यलय कोप्चे सडक लिखु ८ ,स्तरोन्नती आयोजना | युवा रुपान्तरणका लागि पहल | ९ | ६१२०००/- | ५००००/- | ६६२०००/- |
| ९ | ९ | बोलकती सेलेले दोवरफैंदी कृषि सडक सोलिङ आयोजना लिखु ९ | कामका लागि पारिश्रमिक | ८ | ५४४०००/- | ४८०००/- | ५९२०००/- |
| | | | जम्मा | ६७ | ४५५६०००/- | ४०००००/- | ४९५६०००/- |

**१०. निर्णय नं १०. प्रस्ताव नं १० उपर निर्णयः**

प्रस्ताव नं १० माथि आवश्यक छलफल गर्दा राष्ट्रिय भूमि आयोग ताहाचलसँग कार्यसहमति पत्रमा हस्ताक्षर भई एक पटक सूचना प्रकाशन भएका तर उक्त म्यादभित्र लगत संकलनको काम सम्पन्न नभएका स्थानीय तहहरुको लागि पुनः एक पटकको लागि म्याद थपसम्बन्धि सूचना प्रकाशन गर्न लागिएको भनि आयोगको जिल्ला कार्य समितिबाट लेखि आएको हुँदा भूमि सम्बन्धि नियमहरु, २०२१ को नियम ४१छ१ बमोजिम पुनः एक पटक (दोस्रो पटक) को लागि म्याद थप सम्बन्धि सूचना प्रकाशनको लागि आयोग समक्ष लेखि पठाउने सर्वसम्मत निर्णय गरियो ।

**११. निर्णय नं ११. प्रस्ताव नं ११ उपर  निर्णयः**

प्रस्ताव नं ११ माथि आवश्यक छलफल गर्दा लिखु गाउँ कार्यपालिकाको कार्यालयको सूचना अधिकारीको जिम्मेवारी जनस्वासथ्य अधिकृत श्री दिनानाथ चौधरीलाई कार्य जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**१२. निर्णय नं १२. प्रस्ताव नं १२ उपर  निर्णयः**

प्रस्ताव नं १२ माथि आवश्यक छलफल गर्दा गाउँपालिकाले आयोजना गरेको पाँचौ राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भईसकेकोले शिक्षा तथा युवा खेलकुद शाखाबाट पेश भएको प्रतियोगिताको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।साथै राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालनमा विनियोजित बजेट अपुग भएकोले अपुग रकम खेलकुद विकास कोष शीर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

**१३. निर्णय नं १३. प्रस्ताव नं १३ उपर  निर्णयः**

प्रस्ताव नं १३ माथि आवश्यक छलफल गर्दा ७ नं वडा कार्यालयको निर्णय बमोजिम तपसिल बमोजिम योजनाको शीर्षकान्तर गर्ने निर्णय गरियो ।

| सि.नं. | साविक योजना | कायम हुने योजना | कैफियत |
|---|---|---|---|
| १ | प्रतिक्षालय निर्माण आयोजना | वडा कार्यालय जग्गा प्राप्ति तथा चौर निर्माण आयोजना | शीर्षकान्तर |
| २ | स्थानीय सडक स्तरोन्नती आयोजना | विद्युत विकास आयोजना | शीर्षकान्तर |

**१४. निर्णय नं १४. प्रस्ताव नं १४ उपर  निर्णयः**

क. प्रस्ताव नं १४ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका वडा नं ९ निवासी आङ्ग पासाङ्ग शेर्पाको नाममा रहेको कि.नं. ८१३ बाट २ रोपनी जग्गा लिखु गाउँपालिका वडा नं ९ को कार्यालयको लागि खरिद गर्ने निर्णय गरियो ।

ख. लिखु गाउँपालिका ७ नं वडा निवासी पार्वती थापाको स्वामित्वमा रहेको कि.नं. ६७६ बाट ४ आना जग्गा लिखु गाउँपालिका वडा नं ७ को कार्यालयको लागि जग्गा खरिद गर्ने निर्णय गरियो । साथै जग्गा रजिष्ट्रेशन पास गर्नको लागि ७ नं वडा अध्यक्ष श्री तारा बहादुर तामाङ्ग लाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**१५. निर्णय नं १५. प्रस्ताव नं १५ उपर  निर्णयः**

प्रस्ताव नं १५ माथि आवश्यक छलफल गर्दा ओखलढुंगा जिल्ला लिखु गाउँपालिका अन्तर्गतको राष्ट्रिय योजनाहरु तपसिल बमोजिमको योजना राष्ट्रिय सूचिमा राख्ने निर्णय सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

१. पाखुरे डाँडा सहिद पार्क साथै पिकनिक स्पोर्ट निर्माण योजना लिखु - ६
२. सिद्देश्वर महादेव मन्दिर जग्गा खरिद साथै तार घेराबार गेट निर्माण योजना लिखु - ६
३. आइतबारे मन्दिर घेराबार साथै रेलिङ्ग निर्माण योजना लिखु - ६
४. मगर संग्रहालय घेराबार साथै तला थप योजना लिखु - ६
५. मैताकुन्ता देवीथान संरक्षण साथै तार घेराबार लिखु - ७

**१६. निर्णय नं १६. प्रस्ताव नं १६ उपर निर्णयः**

प्रस्ताव नं १६ माथि आवश्यक छलफल गर्दा विविध समसामयिक प्रस्तावमा पेश भएका प्रस्तावहरु माथि देहाय बमोजिम निर्णय गर्ने निर्णय गरियो ।

१. मानेभञ्ज्याङ्ग गाउँपालिकाको आयोजनामा सञ्चालन भएको अन्तरपालिका स्तरीय खेलकुद प्रतियोगितामा गाउँपालिकाको तर्फबाट खेलाडी सहभागि गराएबापत शिक्षा, युवा तथा खेलकुद शाखाले पेश गरेको प्रतिवेदनको आधारमा अध्यक्षकप भलिवल प्रतियोगिता कार्यक्रम शीर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।